नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००२९९
सुशासन शाखा

पत्र संख्या:- सुशा/ ७०/७१

चलानी नं.:- ३२६

मिति :- २०७०/१०/१५

**अत्यन्त जरुरी**

**विषय :- निर्देशन कार्यान्वयन वारे ।**

श्री जिल्ला विकास समितिको कार्यालय -७५
श्री महानगरपालिका / उप-महानगरपालिका -४ / नगरपालिका - ५३

प्रस्तुत सन्दर्भमा अ.दु.अ.आयोग टंगाल, काठमाडौं को च.नं. २३८२ मिति २०७०/१०/3 को पत्रवाट स्थानीय निकायहरुवाट संचालन गरिने कार्यक्रमहरुमा विनियोजित स्थानीय निकायका सरकारी रकमको यथोचित सदुपयोग गर्नका लागि उपभोक्तावाट माग भएका आयोजनाहरुका आवश्यकता र औचित्य हेरी एकिन गरी समयमा संचालन हुन सक्ने, स्थानीय स्तरमा त्यस्ता आयोजनाको लागत लाभका समेत मुल्यांकन गरि विकास कार्यक्रममा सरकारी रकमको यथोचित सदुपयोग गर्न गराउन आवश्यक संयन्त्र एंव निति निर्माण गरी कडाईका साथ अवलम्वन गर्न गराउन भनी लेखी आएको हुदा निम्नानुसारको व्यवस्थाको पूर्णरुपमा पालना गर्ने नेपाल सरकार (सचिव स्तर) को मिति २०७०/१०/१५ को निर्णय भएको हुदा सो अनुसार गर्न गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

१) गाउँ विकास समिति तथा नगरपालिकाले पौष महिना भित्र र जिल्ला विकास समितिले अनिवार्य रुपमा फागुन मसान्त भित्र परिषद् सम्पन्न गर्नु पर्ने ।
२) स्थानीय निकायको परिषद्वाट वार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रुपमा एकमुष्ट छुट्याउने वा अवण्डामा नराखी आयोजनागत रुपमा वजेट बाँडफाडको अनिवार्य व्यवस्था मिलाउने ।
३) स्थानीय निकायको कार्यक्रमवाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत संचालन गरिने कार्यक्रम वा आयोजनाको हकमा वढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिने व्यवस्था मिलाउने ।
४) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधीनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रकृयाहरु पूरा गरिसक्ने ।
५) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्ने व्यवस्था मिलाउने ।
६) जानीजानी वा लापरवाहीको कारणवाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसंग स्थानीय निकायले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्ने ।

७) गाउँ विकास समिति र नगरपालिकाले दुई लाख रुपैयाँ भन्दा माथिका आयोजना र जिल्ला विकास समितिले तिन लाख भन्दा माथिका आयोजनाको आयोजनागत खाता राख्ने व्यवस्था मिलाउने ।

८) स्थानीय निकायवाट संचालित सबै आयोजनाको आयोजना स्थलमै सार्वजनिक परीक्षण गर्नु पर्नेछ ।

९) आयोजना कार्यान्वयन गर्दा कार्यान्वयन तालिका बनाई नियमावलीको अनुसूची-३ वमोजिमको ढाँचामा सम्झौता गर्ने । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नु पर्ने आचारसंहिता लगायतका कुराहरु स्थानीय निकाय वाट व्यवस्था मिलाउने ।

१०) गाउँ विकास समितिले ज्येष्ठ मसान्तपछि, नगरपालिका र जिल्ला विकास मसितिले वैशाख मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम / आयोजनामा रकम बाँडफाँड नगर्ने, रकम निकासा नदिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता नगर्ने, पेश्की नदिन वा अख्तियारी नदिने व्यवस्था मिलाउने ।

११) स्थानीय निकायको हित विपरित ठेक्का भेरिएसन गर्ने वा मूल्य समायोजन गर्ने वा स्वार्थ बाझिने काम कार्य नगर्ने ।

१२) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने वा दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने-जस्ता कार्यहरु गरेको पाइएमा त्यस्तो गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय सजाय गर्ने ।

२०६०।१०।१४

(देवराज चौलागाई)
शाखा अधिकृत

वोधार्थ,
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग
अनुगमन शाखा
टंगाल , काठमाडौं ।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सूचना तथा अभिलेख शाखाः- निर्देशनलाई Website मा राख्ने व्यवस्थाको लागि ।